

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क २२३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ भदौं ८ गते शनिबार ❑ 24 Aug 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।-


## आँबुखैरेनी बस दुर्घटनामा २७ को मृत्यु, १६ घाइते

**पोखरापत्र संवाददाता**
पोखरा, ७ भदौं

तनहुँको आँबुखैरेनी गाउँपलिका-२ ऐनापहरामा शुक्रबार भएको यात्रु बस दुर्घटनामा २७ जनाको मृत्यु भएको छ।

पोखराबाट काठमाडौंतर्फ आउँदै गरेको युपि ५३ एफटी ७६२३ नम्बरको भारतीययात्रुवाहकबससडकबाट अन्दाजी दुई सय मिटर तल मर्यस्याङ्दी नदीमा खस्दा १६ जना घाइते भएका छन् । घाइतेमध्ये १६ जनालाई नेपाली सेनाको हेलिकप्टरमार्फत काठमाडौँ ल्याइएको छ । उनीहरूको महारागन्जस्थित त्रिवि शिक्षण अस्पतालमा उपचार भइरहेको सशस्त्र प्रहरी बल नेपालले जनाएको छ। प्रहरीका अनुसार सो बसमा चालक र सहचालकसहित ४३ यात्रु सवार थिए।




१५ महिला र ११ पुरुष गरी २६ जनाको आँबुखैरेनी अस्पतालमा र एक बालकको चितवनस्थित अस्पतालमा उपचारका क्रममा मृत्यु भएको तनहुँका प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमले जानकारी दिनुभयो । दुर्घटनामा घाइतेलाई हेलिकप्टरबाट काठमाडौं लगिएको थियो।

## दूध, डेरी पसल र उद्योगमा महानगरको अनुगमन

**पोखरापत्र संवाददाता**
पोखरा, ७ भदौं

पोखरा महानगरपालिकाले दूध बिक्री गर्ने डेरी पसल र उद्योगमा अनुगमन गरेको छ।

दूधमा मिसावट र मुल्य बढि लिएको गुनासो आएसँगै पोखरा महानगरपालिकाका उपप्रमुख मञ्जुदेवी गुरुङको नेतृत्वमा पोखराका दूध, डेरी बिक्री गर्ने पसल र उद्योगमा अनुगमन गरिएको हो । पोखरा महानगर वडा नम्वर १० मा इन्द्रचोकमा रहेको ग्लोबल डेरी प्रालि, सुजल डेरी प्रालिको सफल दूध उद्योग,पोखरा-१२, शीतलादेवीस्थित सागर नर्सरी एण्ड एग्रो प्रोडक्ट, -१०, हस्पिटलचोकको ढोंडबेंसी डेरी तथा बेकरी, पोखरा पर्स्याङस्थित हेमजा गाई फारम प्रालिमा अनुगमन गर्‍यो ।



अनुगमनका क्रममा पोखरामा तराईको दुधलाई स्थानीय कृषि फर्मको लोकल दूध भन्दै बिक्री गर्ने गरेको तथ्य खुलेको छ । पोखरा-१० ग्लोबल डेरी प्रालिले कपिलबस्तुबाट दुध पोखरामा बिक्री वितरण गर्ने गरेको खुलेको हो । तराईको दूधको सस्तोमा आउने र यहाँका दुध डेरी पसलहरुले महंगोमा बिक्री गरेको समेत देखिएको छ। ग्लोबलले प्रति लिटर १०७ रुपैयाँमा पसलहरुलाई उपलब्ध गराउने र उनीहरुले १४० रुपैयाँसम्म बिक्री गर्ने गरेका छन् । कपिलबस्तुको बुद्धभूमि-९, इम्लीयामा प्रधान कार्यालय रहेको कम्पनीले कपिलबस्तु लगायत क्षेत्रबाट दैनिक करिब ४ हजार लिटर दूध पोखरा भित्राउने गरेको कम्पनी व्यवस्थापक निर्मल भण्डारीले बताए । उनले अहिले दुध कम आएको समेत बताए। कम्पनीले सिजनमा दोब्बर दूध पोखरा भित्राउने गरेको छ । अनुगमन टोलीले दूधको गुणस्तर जाँचका लागि त्यहाँस्थित प्लान्टबाट दूधको नमुना संकलन गरेको छ । कम्पनीले पोखरा क्षेत्रबाहेक राजमार्गमा पर्ने विभिन्न डेरीमा समेत दूध बिक्री वितरण गर्ने गरेको व्यवस्थापक भण्डारीले बताए । यहाँसम्म दूध ल्याइपुऱ्याउँदा 'टेप्रेचर मेन्टेन' (तापक्रम व्यवस्थापन) गरी ल्याउने उनको दाबी छ । यस्तै कम्पनीले ल्याउने दूध पोखराका विभिन्न खुद्रा पसलले लोकल दूध भन्दै उपभोक्तालाई बिक्री गर्ने गरेका छन् । पोखरामा तराईबाट ल्याएको दूधलाई 'लोकल दूध' भन्दै बिक्री वितरण भएको भेटिएको र स्थानीय दुध भन्दा सस्तो र नाफा समेत बढि आउने भएकाले तराईको दूध बिक्री हुने गरेको देखिएको छ। उपभोक्ताको गुनासो आएपछि पोखरा महानगरपालिकाले दूध बिक्री गर्ने डेरी तथा उद्योगको अनुगमन गरेको हो । महानगर उपप्रमुख एवं बजार अनुगमन समिति संयोजक मञ्जुदेवी गुरुङको नेतृत्वको अनुगमन टोलीले त्यस्ता डेरीबाट परीक्षणका लागि दूध तथा दुग्धजन्य पदार्थको नमुना संकलन गरेको अनुगमन समिति सदस्यसचिव अनिल कार्कीले बताए । पोखरामा सेतो दूधमा कालो धन्दा हुने गरेको गुनासो आउने गरेको छ।

टोलीले पसलमा मूल्यसूची राखे/नराखेको, साइनबोर्ड भए/नभएको, व्यवसाय दर्ता तथा नवीकरण, नापतौलको प्रमाण, सामानमा लेभल, म्याद नाघेको सामान, पान वा भ्याट दर्ता, बिक्री बिल दिने प्रक्रिया, खाद्य अनुज्ञापत्र र पसल संचालनका लागि आवश्क मापदण्डको पालना, सरसफाइको अवस्थालाई आधार मानेर अनुगमन गरेको हो ।

टोलीले पोखराको औद्योगिक क्षेत्रस्थित सुजल डेरी प्रालिको उत्पादन सफल दुधुमा अनुगमन गर्‍यो। दुग्धजन्य पदार्थ उत्पादनमा सुजल यस क्षेत्रकै सबैभन्दा ठूलो कम्पनी हो । ३ सय जना रोजगाररत् रहेको बताइएको

बाँकी अन्तिम पृष्ठमा ▶▶

## मुलुकको समृद्धिका लागि सक्षम युवा नेतृत्व आवश्यक: प्रदेश प्रमुख भट्ट

**पोखरापत्र संवाददाता**
पोखरा, ७ भदौं

गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले सक्षम युवाले मात्र मुलुकको समृद्धिमा टेवा पुऱ्याउने भएकाले युवाको नेतृत्व तथा क्षमता विकासमा जोड दिनुभएको छ।

पोखरा जेसीजको आयोजनामा पोखरामा आयोजित चार दिवसीय व्यापार प्रशिक्षण कार्यक्रम 'जेसीआई नेपाल बिजनेश एकेडेमी'को शुक्रबार उद्घाटन गर्दै भट्टले युवा नेतृत्वमा जोड दिनुभएको हो । जेसीजले गर्विलो इतिहास निर्माण गर्दै युवाहरुको चम्किलो भविष्यको मार्ग कोर्ने क्रममा यस वर्ष स्वर्ण जयन्ती मनाइरहेको सन्दर्भमा उनले शुभकामना पनि व्यक्त गर्नुभयो।



प्रदेश प्रमुख भट्टले भन्नुभयो ' जीवनको सबैभन्दा सक्रिय र उर्जाशील उमेर १८ देखि ४० वर्षसम्मका युवाहरुको साझा संस्था जेसीजले व्यवसायिक युवालाई नै केन्द्रीत गरी आयोजना गरेको यस प्रशिक्षणले युवाहरुलाई व्यवसायको सुरुवात गर्न, व्यवस्थापन गर्न र प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक ज्ञान र सीपहरुको आर्जनमा ठूलो भूमिका खेल्ने विश्वास लिएको छु।' तालिमको विश्वविद्यालयको रुपमा पनि चिनिने जेसीजले युवा सशक्तिकरण गर्दै समाजमा सकारात्मक परिवर्तन गरेको उहाँले बताउनुभयो । कर्मठ युवाहरुको नेतृत्व र व्यक्तित्व विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको जेसीजले असल, योग्य युवाहरुको उत्पादन गरी राष्ट्र, राष्ट्रियता र समाजप्रति जिम्मेवार नागरिक निर्माणमा योगदान गरेकोमा प्रशंसा पनि गर्नुभयो । 'सक्षम नागरिकको उत्पादन हुन सकेमा समाज र सिंगो राष्ट्रको विकास हुनेछ । असल र क्षमतावान व्यक्तित्वले मात्र मुलुकलाई सही नेतृत्व दिन सक्छ । यस्ता नेतृत्व निर्माणमा जेसीज जस्ता संस्थाको महत्वपूर्ण हात रहेको छ।' भट्टले भन्नुभयो । व्यक्तित्व तथा क्षमता विकास, सामाजिक अभियान, उद्यमशीलता एवं व्यवसायिकताको नेटवर्किङ र विस्तारका साथै अन्तर्राष्ट्रिय सम्बन्ध एवं व्यापार विस्तारमा जेसीजले अझै ठूलो भूमिका खेलोस् भनी अपेक्षा पनि उहाँले व्यक्त गर्नुभयो।

## ताया माचा नृत्य प्रतियोगीताको तयारी पुरा

**पोखरापत्र संवाददाता**
पोखरा, ७ भदौं

पोखरामा भदौ ८ गते अर्थात भोली हुने ताया मचा नृत्य प्रतियोगिता २०८१ को सम्पुर्ण तयारी सकीएको छ। नेवाः खलः कास्कीद्वारा गाईजात्रा पर्वको अवसरमा गरिने नियमित कार्यक्रम यसवर्ष नयाँबजार सास्कृतिक समितिको आयोजनामा हुन लागेको हो।

प्रतियोगीतामा २८ वटा टोलीको सहभागीता रहने र ती सबै टोलीहरुलाई नाच प्रस्तुतीको समय निर्धारण गरेर बोलाईसकिएको समितिका अध्यक्ष योगेन्द्रमान बाटाजुले जानकारी दिए । प्रतियोगीता गण्डकी प्रदेश सङ्ग्रहालय रोड, शिव गणेश मार्गमा भोली विहान ८ बजेबाट सुरु हुने छ।

यसअघि गत साउन २५ गते सहभागी हुने टोलीहरुको प्रस्तुतीको समय गोलाप्रथाबाट निर्धारण गरिएको थियो। नेवा खलः कास्कीको आह्वान तथा नयाँबजार सास्कृतिक समितिको आयोजनामा हुने प्रतियोगीता को लागि पोखरा महानगरपालिका वडा नं. ९ को कार्यलयले सहयोग गरेको छ। प्रतियोगिताको बिजेतालाई ३ लाख १ रुपैयाँ, द्वितीय हुनेलाई २ लाख १ रुपैयाँ, तृतीय हुनेलाई १ लाख १ रुपैयाँ र सान्त्वना हुनेलाई १) हजार १ रुपैयाँ प्रदान गरिने छ।

त्यस्तै महिलातर्फ प्रथम हुनेलाई ५० हजार, द्वितीय हुनेलाई ३० हजार र तृतीय हुनेलाई २० हजारसहित प्रमाणपत्र प्रदान गरिने छ । प्रतियोगीताको मुख्य प्रायोजक सानुमान राजमान भाडा पसल रहेको छ भने सहसयोजक एविस ईन्जिनियरीङ कन्सल्टेन्सी रहेको संयोजक शम्भुलाल श्रेष्ठले जानकारी दिए। करिब २५० वर्ष पुरानो इतिहास बोकेको गाईजात्रा पर्वको अवसरमा तायाः मचा नृत्य प्रतियोगिता गर्न लागिएको हो।

परापूर्व कालदेखि प्रचलनमा रहेको तायाः मचा संस्कृतिको संरक्षण गर्नु, परम्परागत, मौलिक संस्कृतिको माध्यमबाट आन्तरिक र वाह्य पर्यटनलाई आकर्षण गर्नुको साथै नयाँ पुस्ताहरुलाई यसको महत्व बुझाई यसको निरन्तरताको बोध गराउनु प्रतियोगिताको मूल उद्देश्य रहेको प्रचार प्रसार सयोंजक अनिशा श्रेष्ठले बताएकी छन्।

## बाढी, पहिरोलगायतका विपद्मा परी १९५ को मृत्यु

**रासस**
काठमाडौं, ७ भदौं

अविरल वर्षाको कारण गत जेठ २८ गतेदेखि देशका विभिन्न स्थानमा आएको बाढी, पहिरोलगायतका विपद्मा परी आज दिउँसोसम्म एक सय ९५ जनाको मृत्यु भएको छ।

बाढी, पहिरोलगायतका विपद्मा परी काठमाडौँ उपत्यकामा तीन, कोशी प्रदेशमा २७, मधेस प्रदेशमा आठ, बागमती प्रदेशमा ३६, गण्डकी प्रदेशमा ५६, लुम्बिनी प्रदेशमा ३७, कर्णाली प्रदेशमा १३ र सुदूरपश्चिम प्रदेशमा १५ गरी एक सय ९५ जनाको मृत्यु भएको केन्द्रीय प्रहरी प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक दानबहादुर कार्कीले जानकारी दिनुभयो।

उहाँका अनुसार बाढी पहिरोमा परी काठमाडौँ उपत्यकामा ११, कोशी प्रदेशमा ३८, मधेस प्रदेशमा १२, बागमती प्रदेशमा २७, गण्डकी प्रदेशमा ४७, लुम्बिनी प्रदेशमा १९, कर्णाली प्रदेशमा ५९ र सुदूरपश्चिम प्रदेशमा ३४ गरी दुई सय ४७ जना घाइते भएका छन्।

बाढीपहिरोका कारण काठमाडौँ उपत्यकामा २८ जना, कोशी प्रदेशमा ४९ जना, बागमती प्रदेशमा १२ जना, गण्डकी प्रदेशमा १४ जना, लुम्बिनी प्रदेशमा ४ जना, कर्णाली प्रदेशमा २ जना र सुदूरपश्चिम प्रदेशमा एक सय एक जना गरी आज सम्म जम्मा दुई सय दश जनाको उद्दार गरिएको प्रवक्ता कार्कीले बताउनुभयो। उहाँले भन्नुभयो, "बाढी पहिरोमा परी कोशी प्रदेशमा दुई जना, मधेस प्रदेशमा एक जना, बागमती प्रदेशमा ४१ जना, गण्डकी प्रदेशमा दुई जना, लुम्बिनी प्रदेशमा एक जना, कर्णाली प्रदेशमा एक जना र सुदूरपश्चिम प्रदेशमा एक जना गरी ४९ जना वेपत्ता भएका छन्। वेपत्ताको खोजी कार्य जारी छ।"

बाढीका कारण हालसम्म जम्मा चार सय आठ घर डुबानमा परेका प्रहरीले जनाएको छ। तीन सय ४२ वटा घर, एक सय २१ वटा गोठ, ५१ वटा पुल, छ वटा विद्यालय र दुई वटा सरकारी कार्यालयमा क्षति पुगेको छ। बाढी पहिरोले नौं सय नौं वटा पशु चौपायको मृत्यु भएको छ। उक्त अवधिमा विपद्का घटनाबाट पाँच हजार आठ सय ८३ घर परिवार विस्थापित भएका प्रवक्ता कार्कीले जानकारी दिनुभयो।




# म्याग्दीबाट निकासी हुने प्रमुख तरकारी आलु

पोखरापत्र संवाददाता
बेनी, ७ भदौं



म्याग्दी आलु उत्पादनमा आत्मनिर्भर बनेको छ । यस जिल्लामा हिउँदे र बर्खेगरी दुई याममा आलुको व्यावसायिक खेती हुने गर्छ । जिल्लामा आलुखेतीको विस्तार र व्यावसायिकता बढेसँगै आलुमा जिल्ला आत्मनिर्भर बन्नुका साथै जिल्लाबाट निकासी हुने प्रमुख तरकारीखेतीका रुपमा आलुले स्थान लिएको छ।

गत आर्थिक वर्ष २०८०/८१ मा जिल्लामा ३१ हजार चार सय ५० मेट्रिकटन आलु उत्पादन भएको छ। जिल्लामा कूल एक हजार सात सय हेक्टर जमिनमा आलुखेती हुँदै आएको छ । हिउँदे आलु अधिकांश जिल्लामै खपत हुने भए पनि बर्खे आलु भने अधिकांश जिल्ला बाहिर निर्यात हुने गरेको कृषि ज्ञानकेन्द्र म्याग्दीका कार्यालय प्रमुख सञ्जीव बाँस्तोलाले जानकारी दिनुभयो । म्याग्दीको जनसङ्ख्याअनुसार, सरदर वार्षिक तीन हजार तीन सय मेट्रिकटन आलु जिल्लामा खपत हुने र अरु सबै आलु जिल्ला बाहिर निर्यात हुने उहाँको भनाइ छ । जिल्लाबाट निर्यात हुने कृषिउपजमा आलु प्रमुख स्थानमा आएको छ। जिल्लाबाट धेरै परिमाणमा निर्यात हुने कृषिउपजमा आलु र सुन्तलाले ठूलो हिस्सा ओगटेको छ । जिल्लाको लेकाली क्षेत्रको चिसो हावापानीमा उत्पादन भएको आलु स्वादिलो र पोषिलो हुने भएकाले बर्खे आलुमा जिल्ला बाहिरबाट अत्यधिकमात्रामा माग आउने गरेको कृषक बताउँछन्।

जिल्लाको छवटै स्थानीय तहमा आलुखेती हुने गर्छ। जिल्लाको अन्नपूर्ण गाउँपालिकाको शिख, खिबाङ, राम्चे, काफलडाँडा नाङ्गी, हिस्तान, पाउद्वार, रघुगङ्गा गाउँपालिकाको कुइनेमङ्गले, दर्मिजा, चिमखोला, ठाडाखानी, बेनी नगरपालिकाको भकिम्लीलगायत ठाउँमा उत्पादन भएको आलु धेरैजसो पोखराका बजारमा पुग्ने गर्छ।

सवारीसाधनको पहुँच पुगेपछि गाउँगाउँमा उत्पादन भएको आलुले बजार पाउन थालेको र पछिल्लो समय पोखराका बजारसम्म आलु पुग्ने गरेको अन्नपूर्ण गाउँपालिका-८ का कृषक खमबहादुर पुनले बताउनुभयो।

"कुनै समय आलु बिक्री नभएर कुहिएर जान्थ्यो, आज गाडीबाट गाउँमै आलु खोज्न आउनेहरु पनि छन, बेनी, कुस्मा र पोखरा कृषक आफैँले ढुवानी गरेर बिक्री गर्न पनि लैजाने गर्छौं, उत्पादन भएको आलुको बिक्री नहुने चिन्ता छैन", उहाँले भन्नुभयो। आलुखेतीबाट जिल्लाका किसानले नगद आम्दानीसमेत गर्दै आएका छन्। आलु अहिले नगदे खेतीका रुपमा विस्तार हुन थालेको छ। एक नगरपालिका र पाँच वटा गाउँपालिका रहेको म्याग्दीको विभिन्न स्थानमा लगाइएको आलुबाट एक वर्षमा कूल ३१ हजार चार सय ५० मेट्रिकटन आलु उत्पादन गरिएको हो । गण्डकी प्रदेश सरकारले म्याग्दीमा आलुखेतीलाई प्राथमिकतामा राखेर आलुखेतीसँग सम्बन्धित कार्यक्रम सञ्चालन गर्दै आएको छ। गत वर्ष सञ्चालन भएको खायन आलु प्रवर्द्धन कार्यक्रममार्फत एक हजार छ सय ८३ दशमलव ९३ मेट्रिकटन आलु उत्पादन भएको थियो । खायन आलु प्रवर्द्धन कार्यक्रमअन्तर्गत करिब एक सय हेक्टर क्षेत्रफलको जमिनमा आलुखेती विस्तार गरिएको कृषि ज्ञानकेन्द्र म्याग्दीले जनाएको छ। जिल्लाको पहाडी भेगमा हिउँदे र माथिल्लो उच्च पहाडी क्षेत्रमा बर्खे आलुखेती हुँदै आएको छ। स्थानीयले परम्परागत रुपमा निर्वाहमुखी रुपमा गर्दै आएको आलुखेतीमा स्थानीय र प्रदेश सरकारमार्फत बीउ, मेसिन उपकरण तथा रोगकिरा व्यवस्थापनमा अनुदान र उपचार सेवा पाउन थालेपछि कृषकले आलुखेतीलाई व्यावसायिक बनाउन थालेका छन्। अहिले बर्खे आलु बिक्री भइरहेको छ भने आलुको प्रतिकिलो बजार मूल्य ६० देखि ९० रुपैयाँसम्म रहेको छ। जिल्लामा आलुखेतीमा रहेको सम्भावनालाई मध्यनजर गर्दै गण्डकी प्रदेश सरकारले यस वर्ष खायन आलुखेतीका लागि रु एक करोड २० लाख बजेट विनियोजन गरेको छ । कृषि ज्ञानकेन्द्र कार्यालयले सञ्चालन गर्ने कार्यक्रममध्ये यो सबैभन्दा ठूलो बजेट हो। यस कार्यक्रमलाई समूह, सहकारीमार्फत जिल्लालाई आलुमा आत्मनिर्भर बनाउनेगरी परिचालन र कार्यान्वयन गर्ने कार्यालयले जनाएको छ । म्याग्दीमा आलु जोन कार्यक्रमले अन्नपूर्ण र रघुगङ्गा गाउँपालिका तथा बेनी नगरपालिकाको वडा नम्बर ९ र १० मा आलुखेती विस्तारमा सहयोग गर्दै आएको छ।

# पोखरामा सशस्त्र प्रहरीको सक्रियतामा वृहत डेंगी नियन्त्रण अभियान शुरु

पोखरापत्र संवाददाता
पोखरा, ७ भदौं



पोखरामा सशस्त्र प्रहरीको सक्रियतामा वृहत डेंगी नियन्त्रण अभियान सुरु भएको छ।

पोखरा महानगरपालिकाको वडा नं.८ र ५ मा डेंगीले महामारीको रुप लिने अवस्था आएपछी मालेपाटनमा रहेको सशस्त्र प्रहरी बल नेपाल नं. २४ कालिका गण हेडक्वाटर्स् कास्कीको सक्रियतामा स्वास्थ्य कार्यालय कास्की, नेपाल रेडक्रस सोसाईटी कास्की शाखा, वडा नं. ५ र ८ का वडा अध्यक्षहरु, विभिन्न मानव अधिकार एवं नागरिक अभियान्ताहरु लगायत स्थानिय समुदायहरुको सहभागीतामा दुवै वडाहरुका संवेदनशिल स्थानहरुमा डेंगी खोज्ने र नष्ट गर्ने कार्य गरिएको कालिका गणका गणपति (एसपी) अरुण कुमार शर्माले बताउनु भयो । शुक्रबार बिहान ७ बजे देखी १० बजेसम्म उक्त अभियान चलेको थियो।

भाद्र ५ गते सम्म कास्कीमा कुल ९७९ जनामा डेंगी संक्रमण देखिएको जिल्ला स्वास्थ्य कार्यालय कास्कीका प्रमुख राम बहादुर नेपालीले बताउनु भयो । हालसम्म कास्कीमा २ जनाको मृत्यू समेत भईसकेको र सवै भन्दा धेरै संक्रमित भएको वडामा क्रमशः पोखरा महानगरपालिका वडा नं. ८ मा १५७ जना, वडा नं. ५ मा ८६ जना, वडा नं. ७ मा ३७ जना र वडा नं. १७ मा ३५ जना भएकाले अवस्था गम्भिर हुने तर्फ उन्मुख भएकाले सशस्त्र प्रहरी बलको कालिका गणलाई अगुवाई गर्न अनुरोध गरिएको समेत उहाँले जनाउनुभयो।

पोखरा महागरपालिका भित्र कोर एरियाका रुपमा रहेका वडा नं. ८ र ५ मा वर्कशप, ग्यारेज, कवाडी डिपो र जनसंख्या समेत धेरै भएको कारणले अन्य वडाहरुको तुलनामा डेंगी वढी फैलिएको जिकिर दुवै वडाका वडा अध्यक्षहरुको रहेको छ । कास्की जिल्लाको वडाहरु मध्ये सवै भन्दा संक्रमित पोखरा महानगरको वडा नं. ८ र ५ रहेको, कालिका गण समेत सोही ईलाकामा रहेकोले तथा सरोकारवाला पक्षहरुले अगुवाई लिन अनुरोध गरेकाले आफुहरु उक्त अभियानमा लागेको एसपी शर्माले जानकारी दिनु भयो। डेंगी खोज्ने तथा नष्ट गर्ने विहानको अभियानमा वडा नं. ८ मा ५० जना र वडा नं. ५ मा ७० जना गरि कुल १२० जना सशस्त्र प्रहरी परिचालित भएका र करिब सोही संख्यामा स्थानिय समुदायबाट तथा अन्य सरोकारवाला निकायहरुबाट सहभागीता भएको उहाँले जनाउनु भयो।

# सडक डिभिजनद्वारा ५३ किलोमिटर सडक मर्मत

पोखरापत्र संवाददाता
तनहुँ, ७ भदौं

सडक डिभिजन कार्यालयले गत आर्थिक वर्षमा ५३ दशमलव ५४ किलोमिटर सडक मर्मत गरेको छ।

उक्त कार्यालयका इन्जिनियर बबिता शर्माका अनुसार सडक बोर्ड नेपाल तथा विश्व बैंकको सहयोगमा राष्ट्रिय राजमार्गमा आवधिक मर्मत तथा रिसिलिङ कार्य सम्पन्न गरिएको छ। उहाँले सोही अवधिमा आठ दशमलव पाँच किलोमिटर सडक कालोपत्र गरिएको जानकारी दिनुभयो । सो अवधिमा आठ किलोमिटर सडक कालोपत्र गर्ने लक्ष्य थियो भने चार किलोमिटर ट्र्याक निर्माण गर्ने लक्ष्य रहेकामा तीन दशमलव पाँच किलोमिटर ट्र्याक निर्माण भएको शर्माले बताउनुभयो । उहाँका अनुसार आठ दशमलव पाँच किलोमिटर ग्राभेल सडक निर्माण गर्ने लक्ष्य राखिएकामा आठ किलोमिटर ग्राभेल सडक निर्माण भएको छ।

इन्जिनियर शर्माले विगतका वर्षमा खसेका दुई ठूला पहिरामध्ये पृथ्वीराजमार्गअन्तर्गत साँखर पहिरा रोकथामका लागि ठेक्का व्यवस्थापन गरिएकामा निर्माणकार्य अन्तिम चरणमा पुगेको बताउनुभयो । गोरखाको घ्याम्पेसालअन्तर्गतकोखेआहालेको पहिरा रोकथामसम्बन्धी निर्माण सम्पन्न भएको उहाँले जानकारी दिनुभयो।

सडक डिभिजन कार्यालयका लागि उक्त आर्थिक वर्षमा पुँजीगततर्फ रु ४३ करोड ४७ लाख बजेट विनियोजन भएकामा रु ३९ करोड बजेट खर्च भएको जनाइएको छ । कार्यालयमार्फत बिर्ता हुँदै भानु नगरपालिका-६ टुहुरेपसल-अर्चले भञ्ज्याङ-रम्घाटार-मनटेहटिया सडकका लागि रु चार करोड ५० लाख विनियोजन भएकामा ४० प्रतिशत भौतिक र ३५ प्रतिशत प्रगति भएको छ । श्रृङ्गपथ-गाईघाट-ऋषिङ-चापाकोट-गल्याङ सडकको पोखरीछापबाट कटहरे हुँदै मोहमी खण्डका लागि रु ५० लाख विनियोजन भएकामा शतप्रतिशत भौतिक र ९९ दशमलव चार प्रतिशत वित्तीय प्रगति भएको छ । खैरेनीटार-भिमाद-भूमरीघाट-कावासोती सडकका लागि रु तीन करोड विनियोजन भएकामा शतप्रतिशत भौतिक र ७० प्रतिशत वित्तीय प्रगति भएको छ । भिमाद-रामपुर-मित्याल-आरुङखोला सडकको भिमाद रामपुर सडकका लागि रु तीन करोड विनियोजन भएकामा शतप्रतिशत भौतिक र ८६ प्रतिशत वित्तीय प्रगति भएको छ । नौबिसे-मुग्लिन-पोखरा सडकका लागि रु एक करोड ५० लाख विनियोजन भएकामा एक सय प्रतिशत भौतिक र ९८ प्रतिशत वित्तीय प्रगति भएको उक्त कार्यालयले जनाएको छ।

बागीश्वरी मार्गका लागि रु दुई करोड ५२ लाख ६८ हजार विनियोजन भएकामा शतप्रतिशत भौतिक र ५० प्रतिशत वित्तीय प्रगति भएको छ। त्यस्तै व्यास बुद्धर्सि मार्गका लागि रु ७० लाख विनियोजन भएकामा एक सय प्रतिशत भौतिक र ९८ प्रतिशत वित्तीय प्रगति भएको छ।

सेतीगण्डकी पुलका लागि रु एक करोड ६६ लाख ४२ हजार विनियोजन भएकामा ९४ प्रतिशत भौतिक र ९४ प्रतिशत वित्तीय प्रगति भएको कार्यालयले जनाएको छ । त्यस्तै त्रिशूली नदी पुलका लागि ८९ लाख ३० हजार बजेट विनियोजन भएकामा ४५ प्रतिशत भौतिक र ३८ प्रतिशत वित्तीय प्रगति भएको छ। मर्स्याङ्दी नदीमा मोटरेबल पुलका लागि रु ८९ लाख ३० हजार विनियोजन भएकामा ४५ प्रतिशत भौतिक र ३५ प्रतिशत वित्तीय प्रगति भएको छ।

चालु आवका लागि ७३ करोड बजेट

इन्जिनियर शर्माका अनुसार सडक डिभिजन कार्यालयका लागि चालु आवमा रु ७३ करोड ८२ लाख ८३ हजार बजेट विनियोजन भएको छ। स्थानीय सडक पुल निर्माणका लागि रु दुई करोड ८० लाख, वैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रमका लागि रु ३२ करोड ६८ लाख ८३ हजार विनियोजन भएको छ।

यसैगरी, राजमार्ग स्तरोन्नति तथा पुनःस्थापनाका लागि रु एक करोड ३५ लाख, निर्वाचन क्षेत्र रणनीतिक सडकका लागि रु एक करोड ६२ लाख, सडक तथा ट्राफिक सुरक्षाका लागि रु ७० लाख र सडक बोर्ड नेपालअन्तर्गत रु सात करोड ९४ लाख विनियोजन भएको छ।

# हिमपहिरोले थुनियो बोक्सेखोला

पोखरापत्र संवाददाता
म्याग्दी, ७ भदौं



मुस्ताङको थासाङ गाउँपालिका-२ मा धौलागिरि हिमालबाट खसेको हिमपहिरोले शुक्रबार दिउँसो बोक्सेखोला थुनिएको छ।

बोक्सेखोला कालीगण्डकी नदीको सहायक खोला हो । मुलखर्क भन्ने ठाउँको पहाडको खोँचमा हिमपहिरो थुप्रिँदा बोक्सेखोलामा पानीको मात्रा घटेको थासाङ गाउँपालिका-२ कोवाङका वडा अध्यक्ष गौतम शेरचनले बताउनुभयो । "आज दिउँसो करिब १:३० बजेतिर धौलागिरि हिमालको फेदबाट हिमपहिरो खसेर खोँचमा थुप्रिएको हो," उहाँले भन्नुभयो, "हिउँको थुप्रोले खोलामा पानीको मात्रा घटेको छ।" जिल्ला प्रशासन कार्यालय मुस्ताङले बोक्सेखोलाको तटीय क्षेत्रमा सतर्कता अपनाउन सार्वजनिक सूचना जारी गरेको छ । आसपासमा बस्ती नभएपनि बेनी-जोमसोम सडक बोक्सेखोला किनारमा पर्दछ । कोवाङमा रहनुभएका मुस्ताङका प्रमुख जिल्ला अधिकारी जनकराज पन्तले हिमपहिरो थुप्रिएको ठाउँमा शसस्त्र प्रहरीको टोली पठाएको बताउनुभयो । "ड्रोनबाट हिमपहिरो थुप्रिएको ठाउँको अवलोकन गर्दा खोला थुनिएर तलाउबनेकोनदेखिएकालेजोखिम कम हुने अनुमान गरेपनि सतर्कता अपनाउनुपर्ने छ," उहाँले भन्नुभयो, "बेनी-जोमसोम सडकमा यात्रा गर्नेलाई बोक्सेखोला छेउछाउमा सतर्कता अपनाउन आग्रह गरिएको छ।" खोलाको छेउछाउ चराउन लगिएका बस्तुभाउ र घाँसदाउरा गर्न गएका किसान पनि सुरक्षित ठाउँतर्फ गएका छन्।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : सहयोग मिल्नेछ |
| वृष | : शत्रुको भय | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : झमेला बढ्ने | धनु | : सत्कार मिल्नेछ |
| ककर्ट | : कार्यमा सफलता | मकर | : आर्थिक समस्या |
| सिंह | : शुभ यात्रा | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : स्वास्थ्यमा सुधार | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# माछापुच्छ्रेमा आयोजित महायज्ञमा विदेशबाट सहयोग आउन शुरु

पोखरापत्र संवाददाता
पोखरा, ७ भदौं

कास्कीको माछापुच्छ्रे गाउँपालिका वडा नं २ खाँदरजुङ्गमा रहेको घोप्टे डाँडालाई पर्यटकीय गन्तव्यका रुपमा विकास गर्ने उद्देश्यले आयोजित श्रीमद् भागवत महापुराण सप्ताह ज्ञान महायज्ञ एवं धार्मिक महोत्सव २०८१ मा विदेशबाट समेत सहयोग आउन थालेको छ।

शिवालय मन्दिर व्यवस्थापन समितिले श्रीमद् भागवत महापुरारण तथा ज्ञान महायज्ञका माध्यमबाट रकम संकलन गरी घोप्टे डाँडामा विभिन्न धार्मिक संरचना निर्माण गरेर पर्यटकीय गन्तव्य बनाउने लक्ष्य सहित गैराखेल मैदानमा आयोजित महायज्ञको दोश्रो दिनमा अष्ट्रेलियाबाट आर्थिक सहयोग प्राप्त भएको माछापुच्छ्रे गाउँपालिका-२ का वडाध्यक्ष तथा प्रवक्ता एवं महायज्ञका सहसंरक्षक गणेश आचार्यले बताउनुभयो । आसकुमारी तामाङ, लोप्सन तामाङको स्मृतिमा उहाँकी छोरी शोभा लामा, ज्वाई विजय लामा, शोभाका छोरा सोल लामाले हाल अष्ट्रेलियाबाट १ लाख १ हजार १ सय १ रुपैया महायज्ञमा सहयोग पठाउनु भएको हो।

उक्त रकम शुक्रबार महायज्ञमा शोभाका बाबु हिरा बहादुर पाख्रिन र दाई आईराम तामाङले हस्तान्तरण गर्नु भएको हो । त्यसै गरी शुक्रबार सिल्दुजुरे आमा समुहबाट ५१ हजार सहयोग महायज्ञमा प्राप्त भएको छ । आमा समुहका अध्यक्ष जमुना गुरुङ सहितको टिमले हस्तान्तरण गर्नु भएको आचार्यले जनाउनु भयो । शनिबार महायज्ञमा माछापुच्छ्रे गाउँपालिका वडा नं ३ को लाखे नृत्यको साथमा भजनकृत तथा कथा वाचन हुने भएको प्रचार प्रसार संयोजक कृष्ण गौतमले बताउनु भयो । अधिकांश दाताले कृष्णजन्म अष्टमी पर्वको अवसरमा दान दिने गरी वचन दिएको उहाँले जनाउनु भयो । महायज्ञबाट करिब ७ करोड संकलन गर्ने लक्ष्य राखिएको समितिका अध्यक्ष सर्वजित गुरुङले बताउनु भयो । घोप्टे डाँडामा विशाल शिवजीको मूर्ति स्थापना, ज्योतिलिङ्ग सहित एक सय आठ शिवलिङ्ग स्थापना र मन्दिरको छाना ताम्रपत्र, बुद्ध तथा क्होइवो धिँ स्थापनाका लागि आर्थिक स्रोत जुटाउने उद्धेश्य महायज्ञको रहेको गाउँपालिका उपाध्यक्ष सीता अधिकारीले बताउनु भयो। शिरोमणि दीपक प्रसाद पौडेलबाट प्रवचन जारी रहेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत गोपीकृष्ण अर्याललले जनाउनु भयो। महायज्ञको पहिलो दिनमै ११ लाख संकलन भएको मूल आयोजक समितिका सचिव बेगनाथ पौडेलले बताउनु भयो । यसैबिच, महायज्ञको गाउँपालिका अध्यक्ष मीनबहादुर गुरुङले बिहिबार एक समारोहका बिच उद्घाटन गर्नु भएको थियो।

## नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालयको कम्पनीको दर्ता खारेज गरिएको सूचना।

**यस कार्यालयमा २०६४/०४/०१ मा दर्ता भएको प्रा.लि. नं. ४६८२६ को सुरक्षित हाउजिङ्ग कम्पनी प्रा.लि. नामक कम्पनी यस कार्यालयको मिति २०८१/०५/०७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता/स्वेच्छिक खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।**

